# दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७६


**प्रदेश सरकार**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर सुर्खेत नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६

**प्रस्तावना**

कर्णाली प्रदेशको निर्वाहमुखि तथा अर्ध व्यवसायिक रुपमा रहेको दुग्ध व्यवसायलाई व्यवस्थित, ब्यबसायिक बनाउँदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दुग्धजन्य उत्पादनहरु आम जनता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजना गर्न तथा आम्दानीको श्रोतको रुपमा विकास गर्न संचालन हुने दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रक्रियाबाट संचालन गरि एकरुपता कायम गर्न आ व ०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रमलाई सरल, सहज, पारदर्शी एवं प्रभाकारी ढंगले संचालन गर्न वान्छनीय भएकोले भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशले यो दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बनाइएको छ ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "**दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

ख) यो कार्यविधि कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुने छ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सम्झनु पर्दछ ।

ख) "निर्देशनालय" भन्नाले पशुपंछी विकास निर्देशनालय सम्झनु पर्दछ ।

ग) "सम्बन्धित कार्यालय" भन्नाले दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनको लागि अख्तियारी प्राप्त भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतका पशुपन्छी तथा मत्स्य सम्बन्धि काम गर्ने कार्यालय सम्झनु पर्दछ ।

घ) "समूह" भन्नाले यस कार्यविधि अन्तर्गत रहि दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्न चाहने विधिवत रुपमा दर्ता/गठन भएको कम्तीमा १५ देखि २५ जना सदस्य रहेको समूहलाई सम्झनु पर्दछ ।

ङ) "सहकारी" भन्नाले सहकारी ऐन २०७४ अनुसार गठन भएको सहकारी सम्झनु पर्दछ ।

च) "साझेदार" भन्नाले दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमको लागत सहभागितामा संचालन गर्नका लागि ईच्छुक स्थानीय तह, गैह सरकारी क्षेत्र, नीजि क्षेत्र, कृषक व्यवसायी सम्झनु पर्दछ ।

छ) "साझेदारी" भन्नाले दुध तथा दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सरकारी एवं गैह सरकारी क्षेत्र विच द्विपक्षिय/बहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

ज) "दुध" भन्नाले स्वस्थ गाई भैंसीको थुनबाट दुहेको र स्वाभाविक अवस्थाको स्वच्छ ताजा श्रावलाई सम्झनु पर्दछ ।

झ) "दुग्धजन्य पदार्थ " भन्नाले अप्रशोधित अर्धप्रशोधित वा प्रशोधित दुध र सोबाट बनेका परिकारहरु सम्झनु पर्दछ ।

राजेन्द्र प्रसाद भारी

विमला के.सी.
मन्त्री

ञ) "दुग्ध व्यवसाय" भन्नाले दुध तथा दुग्धजन्य पदार्थ उत्पादन संकलन, चिस्यान, ढुवानी, प्रशोधन, भण्डारण तथा विक्रि वितरण गर्ने सबै व्यवसाय सम्झनु पर्दछ ।

ट) "डेरी पसल" भन्नाले प्रशोधित दुध तथा दुग्ध पदार्थ विक्रि वितरण गर्ने स्थान, पार्लर, भण्डार, विक्रिकेन्द्र वा खुद्रा पसल सम्झनु पर्दछ ।

ठ) "दुध चिस्यान केन्द्र " भन्नाले संकलन केन्द्रमा जम्मा गरी ल्याइएको दुधलाई गुणस्तर कायम राखि प्रशोधन केन्द्रमा पठाउने उद्देस्यले चिसो बनाएर संरक्षण गरी राख्न मिल्ने सुविधायुक्त विभिन्न क्षमताको स्टीलको भ्याट (टंकी) स्थापना गरिने स्थान वा संरचनालाई सम्झनु पर्दछ।

ड) "चिलिंङ्ग भ्याट" स्थापना भन्नाले दुधलाई चिसो बनाएर संरक्षण गरि राख्न मिल्ने सुविधायुक्त विभिन्न क्षमताको स्टिलको भ्याट (टंकी) सम्झनु पर्दछ ।

ढ) "दुध संकलन केन्द्र" भन्नाले दुध उत्पादन क्षेत्र आसपास पायक पर्ने उत्पादित दुध जम्मा गरी दुध चिस्यान केन्द्रमा पठाउने उद्देश्यले निर्माण र संचालन गरिने संरचना संझनु पर्दछ ।

ण) "दुग्ध उद्योग (डेरी उद्योग)" भन्नाले दुध उत्पादकहरुबाट संकलन गरिएको कच्चा दुधलाई प्रशोधन वा विविधिकरण गरि विभिन्न किसिमका दुध तथा दुग्धजन्य परिकारहरुको उत्पादन, प्याकेजिङ्ग, लेभलिङ्ग र विक्रि वितरण गर्ने प्रयोजनका लागि कानूनी रुपमा इजाजत प्राप्त एवं विधिवत रुपले दर्ता भएको उद्योग सम्झनु पर्दछ ।

त) "व्यवसायिक फार्म भन्नाले" व्यक्तिगत रुपमा व्यवसायिक गाईभैंसी पालनमा संलग्न कृषक तथा उद्यमीले दुध उत्पादन गर्ने उद्देश्यले संबन्धित सरकारी निकायमा दर्ता गरी संचालन गरेको गाईभैंसी पालन (डेरी) फार्म वा व्यवसाय सम्झनु पर्दछ ।

थ) "व्यवसायिक डेरी पकेट" भन्नाले व्यवसायिक रुपमा गाई/भैंसी पालन गरि दुध उत्पादन गरिने क्षेत्रलाई सम्झनु पर्दछ ।

द) "ढुवानी साधन" भन्नाले दुध ढुवानीका लागि प्रयोगमा आउने साधनलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

क) स्वच्छ एवं गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र विक्रि वितरण तथा उपलव्धता सुनिश्चत गर्नमा सघाउ पुर्याउने ।

ख) दुग्ध उत्पादन पकेटहरुलाई व्यवसायसंगको आवद्धता प्रदान गर्दै दुध तथा दुग्धजन्य उत्पादनको व्यवसायीकिकरणमा टेवा पुर्याउने ।

ग) व्यवसाय संजालको विकास एवं व्यवस्थित व्यवसाय सूचना प्रणालीको विकास गर्ने ।

घ) दुध तथा दुग्धजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र चेतना अभिवृद्धिमा सघाउ पुर्याउने ।

ङ) दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रक्रिया अन्तर्गत गर्न एकरुपता राखी संचालन गर्ने ।

परिच्छेद -२

४. साझेदारी सम्बन्धि व्यवस्था

क) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम निम्न बमोजिमका कार्यहरु संचालन गर्नका लागि साझेदारी गर्न र गराउन सक्नेछ ।

| क.सं. | कार्यक्रमको नाम | संभाव्य साझेदार | कार्यक्रम खर्च सहयोग परिधी |
|---|---|---|---|
| १ | डेरी पसल निर्माण/सुधार कार्यक्रम | दुग्ध उत्पादक सहकारी संस्था, कृषक समूह/समिती, डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी | समूह/सहकारीको हकमा ७० र नीजि उद्यमी/व्यवसायीको हकमा ५० प्रतिशत सम्म मात्र । |
| २ | चिस्यान केन्द्र स्थापना | दुध उत्पादक सहकारी संस्था डेरी उद्योग, दुग्ध व्यवसायी | समूह/सहकारीको हकमा ७० र नीजि उद्यमी/व्यवसायीको हकमा ५०प्रतिशत सम्म मात्र । |
| ३ | दुध संकलन केन्द्र निर्माण/सुधार | दुध उत्पादक सहकारी संस्था डेरी उद्योग, दुग्ध व्यवसायी | समूह/सहकारीको हकमा ७० र नीजि उद्यमी/व्यवसायीको हकमा ५०प्रतिशत सम्म मात्र । |
| ४ | डेरी उद्योग प्रवर्द्धन | सहकारी संघ/संस्था, फार्म, कम्पनी , नीजि उद्यमी/व्सायी | समूह/सहकारीको हकमा ७० र नीजि उद्यमी/व्यवसायीको हकमा ५०प्रतिशत सम्म मात्र । |
| ५ | व्यवसायिक गाईभैंसी फार्म प्रवर्द्धन | व्यवसायिक फर्म, नीजि उद्यमी/व्सायी | साना व्यवसायिक गाईभैंसी फर्मको हकमा २ लाख सम्म र अन्यको हकमा ५० प्रतिशत |
| ६ | व्यवसायिक डेरी पकेट प्रवर्द्धन | दुधउत्पादक सहकारी संस्था, कृषक समूह / समिती | ७० प्रतिशत |

ख) बुंदा ४ (क) मा अधिकतम साझेदारी रकमको जुनसुकै सिमा तोकिएको भए पनि वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि आर्थिक सहयोग प्रदान गरी कार्यक्रम संचालन गर्न वाधा पर्नेछैन ।

ग) सम्बन्धित कार्यालयले प्रदान गर्ने रकमलाई कार्यक्रम कुल लागतको समूह सहकारीको हकमा ७० प्रतिशत र व्यवसायिक फर्म, उद्यमी/व्यवसायीको हकमा ५० प्रतिशत बराबर मानी प्रस्तावकले समूह

सहकारीको हकमा ३० प्रतिशत र व्यवसायिक फर्म, नीजि उद्यमी / व्यवसायीको हकमा ५० प्रतिशत स्वलगानीबाट व्यहोर्नु पर्नेछ साथै स्वलगानिको आधिकारिक प्रमाण पेश गर्नुपर्ने छ ।

घ) प्रस्तावित कार्यक्रमका लागि योग्यता पुगेका प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिमको निकायमा विधिवत दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नंबर प्राप्त गरेको, गत आ.व. को लेखा परिक्षण भएको साथै व्यवसायीक फर्मको हकमा लेखापरिक्षण समावेश हुनु पर्ने र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

ङ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधक, वित्तिय र भौतिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

च) जग्गाको मूल्यांकनलाई साझेदारी रकममा संलग्न गर्न पाईनेछैन ।लिजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गाधनीसंग कम्तीमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

छ) आर्थिक सहयोग कार्यक्रम अन्तर्गत प्रस्ताव छनौट गर्दा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकाय तथा अन्य कुनै पनि निकायहरुबाट विगत ३ वर्ष भित्र आर्थिक सहयोग लिई सकेको साझेदारलाई सोही प्रकृतिको व्यवसायका लागि पुनः छनौट गरिनेछैन । तर अपुरो निर्माण सम्पन्न गर्न, परियोजनाको फलोअप र क्षमता विस्तार गर्न साथै थप आर्थिक सहयोग आवश्यक रहेको भन्ने सम्वन्धित कार्यालयको प्राविधिक प्रतिवेदनका आधारमा आर्थिक सहयोग प्राप्त गरेको सूचना मुताविक प्रस्ताव पेश हुन आएमा भने साझेदारी गर्न वाधा पर्नेछैन ।

झ) आर्थिक सहयोग प्राप्त गरेको व्यवसायले कम्तीमा ५ वर्ष अनिवार्य व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र पेश भएको हुनुपर्ने छ ।

ञ) आर्थिक सहयोगमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न र बिक्रिगर्न पाईनेछैन साथै उक्त उपकरणहरु मर्मतसम्भार गर्नु पर्ने भएमा लाभग्राही स्वयमले गर्नुपर्ने छ ।

## परिच्छेद -३

<u>सम्भाव्यता अध्ययनः</u> जुन जिल्लामा दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन हुने हो त्यस क्षेत्रमा छनौट अगावै सम्वन्धित निकाय बाट दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमको सम्भाव्यता अध्ययन गराउने छ ।

**५. प्रस्ताव आव्हान र पेश गर्ने विधिः**

क) सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुसूची १ बमोजिम संबन्धित जिल्लाको स्थानीय संचार माध्यममा ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी साझेदारीमा संचालन हुने दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गर्नेछ ।यस्तो सूचना सम्बन्धित कार्यालयको सूचना पाटीमा समेत अनिवार्य रुपले टाँस गर्नु पर्नेछ र संभव भए सम्म स्थानीय एफ.एम.रेडियो, वेभसाइट मार्फत समेत प्रकाशन र प्रसारण गर्नुपर्ने छ ।

(ख) सूचनामा उल्लेख भए अनुसार इच्छुक साझेदारले अनुसूची २ बमोजिमका प्रस्ताव पत्र अनुसूची ३ बमोजिमको संक्षिप्त व्यवसायिक योजना (रु.१० लाख वा सो भन्दा वढीका साझेदारी प्रस्तावका हकमा मात्र) अनुसूची ४ बमोजिमका लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र अनुसूची ५ बमोजिमको सम्भव भएसम्म संबन्धित स्थानिय तहको सिफारिस र अनुसूची ६ बमोजिमको निवेदन सहित संबन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(घ) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

(ङ) म्याद थप सम्बन्धि व्यवस्थाः सम्बन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्ताव वार्षिक लक्ष्य पुग्ने गरि छनौट हुने संख्या दर्ता हुन नआएको खण्डमा सम्बन्धित कार्यालयले सम्बन्धित कार्यक्रमको लागि म्याद थपको सूचना प्रकाशन गर्न सक्नेछ । तर पूर्व सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन र छनौट गर्न बाधा पर्ने छैन ।

## ६. प्रस्ताव मूल्यांकन तथा छनौट समिति

क) सम्बन्धित कार्यालयले दफा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरु छनौट गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्यांकन तथा छनौट समिति गठन गर्नेछ ।

| | |
|---|---|
| १. कार्यालय प्रमुख | संयोजक |
| २. सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ३. सम्वन्धित बिषयको बिज्ञ | सदस्य |
| ४. लेखा शाखा प्रमुख | सदस्य |
| ५. सम्वन्धित शाखाको कर्मचारी | सदस्य– सचिव |

नोटः सम्बन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयका पदाधिकारी आमन्त्रित गर्न सक्नेछ ।

ख) प्रस्ताव मूल्यांकन तथा छनौट समितिले अनुसूची ७ बमोजिम मूल्यांकनका आधारमा प्रस्तावहरुको मूल्यांकन र प्राथमिकताक्रम निर्धारण गर्नेछ।

ग) यसरी प्राथमिकताक्रम निर्धारण गर्दा बढी अंक प्राप्त गर्न सफल प्रस्तावहरु दफा ६ (क) बमोजिमका प्रस्ताव छनौट समितिका पदाधिकारी मध्ये १ जना सदस्यको संयोजकत्वमा कम्तीमा ३ सदस्यीय टोलीले अनुसूची ८ बमोजिम स्थलगत प्रमाणिकरण र मूल्यांकन गर्नेछ ।

| | |
|---|---|
| छनौट समितिको संयोजक वा सदस्य सचिव | संयोजक |
| सम्वन्धित स्थानियतहको वडा प्रतिनिधि | सदस्य |
| सम्वन्धित स्थानीय तहको पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| सम्वन्धित क्षेत्रको विषय बिज्ञ | सदस्य |
| सम्वन्धित कार्यालयको कर्मचारी | सदस्य सचिव |

घ) दफा ६ (ख र ग) बमोजिमको मूल्यांकनमा आवेदकले प्राप्त गरेका औषत अंकका आधारमा साझेदारीका लागि उपयुक्त ठहरेका आवेदकहरुको सूची तयार गरि प्रस्ताव मूल्यांकन तथा छनौट समितिले अनुमोदनका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

ङ.) यसरी प्रस्ताव छनौट तथा मूल्यांकन समितिबाट सिफारिस भइ पेश भएका प्रस्तावहरु कार्यालय प्रमुखले अनुमोदन गरि सम्झौताको लागि स्वीकृत गर्नेछ ।

च) कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्ने , छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ७ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्ताव कर्तालाई सूचना दिनु पर्नेछ ।

छ) छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

### ७. द्विपक्षिय सम्झौताः

क) सम्बन्धित कार्यालयले दफा ६ बमोजिम छनौट भएका प्रस्तावकहरुसंग अनुसूची ९ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

ख) ७ क बमोजिमको सम्झौतामा उल्लेखित शर्तहरुलाइ साझेदारी कार्यक्रम संचालनका लागि पालना गर्नुपर्ने छ ।

### ८. भुक्तानीको प्रकृयाः

भुक्तानी बिधिः सम्झौतामा उल्लेख भएको आर्थिक सहयोग रकमको भुक्तानी लाभग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा देहाय अनुसार भुक्तानी गरिनेछ ।

क) सम्झौता भए पछि कार्य योजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत आर्थिक सहयोग रकमको अधिकतम २० प्रतिशत भुक्तानी गरिनेछ ।

ख) ५० प्रतिशत कार्य सम्पन्न भए पछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्यौट गरी जम्मा अधिकतम ३० प्रतिशत पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी गरिनेछ ।

ग) सबै कार्यसम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भए पछि ५० प्रतिशत वा बाँकि तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी गरिनेछ ।

घ) भुक्तानी हुँदाका बखत लाभग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनुपर्ने तथा सो कुरा बीलहरुमा स्पष्ट देखिएको हुनु पर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानूनहरु बमोजिम हुनेछ ।

च) सम्वन्धित लाभग्राहीले रनिङ्ग बील तथा तोकिएको निर्माण कार्य सकी कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

छ) सम्वन्धित कार्यालयको स्थलगत प्राविधिक अनुगमन प्रतिवेदन प्राप्त भए पछि उद्यमी /व्यवसायी/ साझेदार संस्थाको खातामा आर्थिक सहयोग रकम उपलब्ध गर्राईने छ ।

ज) साझेदारी रकम उपलव्ध गराउने कार्यक्रम संचालन गर्दा निर्माण तथा मेसिनरी सामान तथा ढुवानी साधन खरिदमा बढिमा ३ प्रतिशत बरावर रकम कन्टीजेन्सी वापत कट्टा गरि सम्वन्धित कार्यक्रमको

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुगमन मुल्यांकन, विषय विज्ञको परामर्श सेवा, बैठक संचालन, प्राविधिक खर्च प्रयोजनका लागि मात्र खर्च गर्न सक्नेछ। तर सो कुरा सम्बन्धित साझेदारसंग गरिने द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गरिएको हुनु पर्छ ।

झ) साझेदारले मेशिनरी उपकरण, ढुवानीका साधन तथा अन्य सामानहरु खरिद गर्दा प्राविधिक स्पेसिफिकेसन, लागत अनुमान विवरण पेश गरि स्वीकृत भए पश्चात मात्र खरिद गर्नु पर्नेछ ।यसरी नगरेको खण्डमा सम्बन्धित कार्यालय रकम भुक्तानी दिन वाध्य हुनेछैन ।

## परिच्छेद -४

### ९. डेरी पसल निर्माण/सुधार कार्यक्रम

दुध उत्पादक सहकारी संघ संस्था कृषक समूह/समिति, डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी, नीजि उद्यमीहरुसंगको लागत साझेदारीमा डेरी पसल निर्माण सुधारको कार्यक्रम संचालन गरिनेछ ।

### १०. डेरी पसल निर्माण/सुधार कार्यक्रम संचालन प्रक्रिया

क) सम्बन्धित कार्यालयले डेरी पसल निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५,६,७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्वन गर्नेछ ।

ख) डेरी पसल निर्माण सुधार कार्यक्रम संचालन सकभर नगरपालिका/गाउँपालिका,नगरोन्मुख वस्तीहरु, घना आवादियुक्त व्यापारिक केन्द्रलाइ लक्षित गरि संचालन गरिनेछ ।

ग) डेरीपसल निर्माण सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तीमा १५० लि दुध वा सो बरावरको दुग्धजन्य परिकार विक्रि वितरण गरिरहेको हुनु पर्नेछ तर उच्च हिमाली क्षेत्रको हकमा भने दैनिक न्युनतम ५० लिटर दुध वा दुग्धजन्य पदार्थ बिक्रिवितरण गरेको हुनु पर्नेछ।

घ) डेरी पसल निर्माण तथा सुधारका लागि निम्न अनुसारका कार्यक्रमहरुमा खर्च गर्न सकिने छ ।

१. बिक्रि कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट, बोर्ड/ब्यानर आदी ।

२. मिल्क क्यान, मिल्ककन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।

३. भेन्डिङ्ग मेसिन खरिद र जडान ।

४. मिल्क डिस्पेन्सर खरिद ।

५. डेरी पसलको सजावट र फोहोर ब्यवस्थापन आदी ।

ङ) सुधारिएको डेरी पसलमा निम्न अनुसारको मापदण्ड पुरा भएको हुनुपर्ने छ ।

१. ठुलो डेरी पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्वाई भएको र सानो डेरी पसलको हकमा भने १२ फिट लम्वाई र १० फिट चौडाई भएको हुनु पर्ने छ ।

२. पुलको उचाई १० फिट तथा भित्ता पक्का खालको र भित्ताको भित्रिभागमा ६ फिट उचाई सम्म सेतो रंगको टायल लगाएको र त्यसभन्दा माथि सेतो रगं लगाएको हुनुपर्ने छ ।

उपसचिव



राजेन्द्र प्रसाद आर्री
सचिव

मा.विमला के.सी.
मन्त्री

३. बिक्रि कक्षको भुई नचिप्लिने, पानी नजम्ने, पानी नसोस्ने किसिमको पक्कि ढलान गरिएको वा टायल/मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको तथा सिलिङ्ग धुलो मैला नखस्ने किसिमको साथै पानी समेत नतप्किने किसिमले बनाएको हुनुपर्ने छ ।

४. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुपर्दछ ।

५. पसलमा प्रयोग गरिने औजार/ उपकरकणहरु खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टिलबाट निर्माण भएको हुनुपर्ने छ ।

६. डेरी पसलमा काम गर्ने कर्मचारीले अनिवार्य रुपमा पसल भित्र काम गर्ने क्रममा एप्रोन, मास्क, क्याप, ग्लोब्स तथा गमबुट लगाउनु पर्ने छ ।

७. डेरी पसलमा कम्तिमा पनि एउटा डिपफ्रिज वा चिलर हुनुपर्ने छ ।

८. डेरी पसलमा झिगां वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमको पक्कि जाली/ढोकाको व्यवस्था भएको हुनुपर्ने छ ।

९. डेरीपसल सकेसम्म सहजै ओहोर दोहोर गर्न सकिने, बजारको नजिक, दुध ढुवानीका लागि सहज क्षेत्र तथा बढी भन्दा बढी जनसंख्या भएको क्षेत्रमा सहज पहुच हुने गरि स्थापना गरिनुपर्ने छ ।

च) यस कार्यक्रम अनुसार निर्माण सुधार गर्न प्रस्तावित डेरी पसल स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारीक दर्ता वा नविकरण भएको हुनु पर्नेछ ।

## परिच्छेद -५

### ११. चिस्यान केन्द्र स्थापना कार्यक्रम

उत्पादन स्थलबाट संकलित दुध स्वच्छ, स्वस्थ्य एवम् गुणस्तर कायम राख्न चिसो बनाएर संरक्षण गरी दुध प्रशोधन केन्द्र सम्म पुर्याउन दुध उत्पादक सहकारी संघ संस्था कृषक समूह/समिति, डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी, नीजि उद्यमीहरुसंगको लागत साझेदारीमा चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन गरिनेछ ।

### १२. चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन प्रक्रिया

क) सम्बन्धित कार्यालयले दुध चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५,६,७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्वन गर्नेछ ।

ख) चिस्यान केन्द्र संचालनका लागि निम्न शर्तहरु पुरा भएको हुनु पर्नेछ ।

१. चिस्यान केन्द्रमा अनिवार्य चिलिङ्ग भ्याट हुनुपर्ने छ। ५०० लिटर क्षमताको चिलिङ्ग भ्याट स्थापनाका लागि सो स्थानमा कम्तिमा २५० लिटर तथा १००० लिटर क्षमताको चिलिङ्ग भ्याट स्थापनाको लागि दैनिक कम्तिमा ७०० लिटर र २००० लि क्षमताको लागि १५०० लि दुध संकलन र बिक्रि वितरण भइ आएको हुनु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२. चिस्यान केन्द्र स्थापना गरिने स्थानमा बाटो, पानी, बिजुलि समेतका पूर्वाधारको ब्यवस्था हुनुपर्ने छ। बत्तिको हकमा ब्यवस्थापन नभएको भए लगानी कर्ता तथा समुह सहकारीहरुले स्वलगानीमा बैकल्पिक उर्जाको रुपमा जेनेटर, सोलार तथा ब्याट्रीको ब्यवस्थापन गरेको हुनु पर्नेछ ।

३. प्रश्स्तावित चिस्यान केन्द्र कम्तिमा ५ बर्ष सम्म सोहि स्थानमा संचालित रहने प्रत्याभुति हुनुपर्नेछ ।

४. चिस्यान केन्द्र संचालन गरिने जग्गा ब्यक्ति वा सहकारी जस्ले संचालन गर्नेहो उसैको नाममा भएको हुने पर्नेछ वा जग्गा भाडामा लिनुपर्ने भएमा कम्तिमा १० बर्षको जग्गा करार सम्झौता अनिवार्य भएको हुनुपर्ने छ ।

ग) चिस्यान केन्द्र स्थापनाका लागी प्राप्त आर्थिक सहयोग रकम निम्न अनुसारका कार्यहरुमा खर्च गर्न सकिनेछ ।

१. चिस्यान केन्द्र संचालन गर्ने भवन निर्माण ।
२. चिलिङ्ग भ्याट खरिद, ढुवानी र जडान सम्वन्धि कार्य ।
३. मिल्क क्यान मिल्क एनालाइजर वा मिल्क युटेन्सिल खरिद ।
४. ढल निकास तथा फोहोर ब्यवस्थापनका लागी आवस्यक निर्माण कार्यहरु ।
५. बिधुत जडान र सफा पानीको नियमित आपुर्तिको लागि गर्नुपर्ने कार्यहरु ।
६. आवश्यक दक्ष प्राविधिक ब्यवस्थापनका लागि ।
७. दुध ढुवानी साधन खरिदमा जम्मा ३० प्रतिशत मात्र आर्थिक सहयोग दिईने छ ।
८. दुग्ध संकलन कक्ष पक्कि, पानी नजम्ने र सजिलै संग सफा गर्न सकिने मार्बल वा टायलको प्रयोग गरि निर्माण कार्य गर्नुपर्ने छ ।

## परिच्छेद -६

### १३. दुध संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम

दुध उत्पादन हुने पकेट क्षेत्र तथा व्यवसायिक गाइभैसी फर्महरुलाइ लक्षित गरी कृषक समूह/समिति, सहकारी, व्यवसायिक संघ/संगठन, स्थानीय तहको लागत साझेदारीमा दुध संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम संचालन गरिनेछ ।

### १४. दुध संकलन केन्द्र निर्माण / सुधार कार्यक्रम संचालन प्रक्रिया

क) सम्बन्धित कार्यालयले दुध संकलन केन्द्र निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५,६,७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्वन गर्नेछ ।

ख) दुध उत्पादन र वेच विखनमा संलग्न कृषक समूह/समिति, सहकारी, व्यवसायी संघ/संगठन र स्थानीय तह संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने दुध संकलन केन्द्रहरुमा आवश्यक पूर्वाधार विकासलाइ प्राथमिकता दिइनेछ ।

उपसचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

ग) खासगरि मध्यपहाडी लोकमार्ग तथा उत्तर दक्षिण रोडकोरिडोर आसपासमा रहेका पशु उत्पादन पकेट क्षेत्रहरु तथा पशु विकास कार्यक्रम वा अन्य दुधउत्पादन अभिवृद्धि कार्यक्रम संचालन भएका क्षेत्रहरुमा पायक पर्ने हिसावले दुध संकलन केन्द्र स्थापना र संचालन गरि तिनीहरुलाई दुध उद्योग र शहर केन्द्रित बजार संग आवद्ध गराइ उत्पादित वस्तुहरुको बजारिकरणमा संलग्न हुन चाहने आवेदकलाइ यस कार्यक्रममा प्राथमिकता प्रदान गरिनेछ ।

घ) दुध संकलन केन्द्रको मापदण्ड

१. संकलन भएको दुध यथाशक्य चाँडो (२ घण्टाभित्र) चिस्यानकेन्द्रमा पुर्याउन सकिने गरी स्थापना भएको हुनु पर्ने ।

२. दुध ढुवानीको लागि प्रयोग गरिने भाँडा क्यान आदि सफा गर्न प्रयाप्त पानी र अन्य व्यवस्था भएको हुनु पर्ने।

३.किसानले दुध ल्याएका भाँडा सफा गरेर मात्र पठाउने व्यवस्था मिलाएको हुनु पर्ने ।

४. संकलन केन्द्रमा सडक र विजुलीको सुविधा भएको हुनु पर्ने र संकलन केन्द्रबाट निष्कासित फोहोरको उचित व्यस्थापन भएको हुनु पर्ने ।

५. दुध संकलन आल्मुनियम वा स्टेनलेस स्टिलबाट बनेका भाँडा वा क्यानमा मात्र भएको हुनुपर्ने ।

६. संकलन केन्द्रमा प्राप्त दुध गुणस्तर मापदण्ड लगायत अन्य सम्भावित मिसावटको परिक्षण गरि स्वच्छ र गुणस्तरीय भएको सुनिश्चित गरेर मात्र दुध खरिद गरेको हुनुपर्ने ।

७. विहानको दुध विहानै र वेलुकाको दुध वेलुकै संकलन गरिएको हुनुपर्ने ।

८. दुध संकलन कार्य सकिए लगत्तै गुणस्तर नविग्रिने गरि छिटो साधनद्वारा चिस्यान केन्द्र वा प्रशोधन उद्योगमा पुर्याउने व्यवस्था भएको हुनुपर्ने ।

९ खाद्य स्वच्छतासंग सम्बन्धित अभिलेख राखेको हुनुपर्ने ।

ङ) दुध संकलन केन्द्र तथा सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ ।

१) संकलन केन्द्रको लागि आवश्यक भवन र अन्य भौतिक संरचना निर्माण सुधार ।

२) आवश्यक मेशिन औजार उपकरणहरु खरिद तथा जडान (मिल्क क्यान, मिल्क एनालाइजर आदी) ।

३) प्रकाश संवातन व्यवस्थापन तथा सुरक्षा सम्बन्धी निर्माण कार्यहरु ।

४) ढल निकास तथा फोहर व्यवस्थापनका लागि आवश्यक निर्माण ।

५ ) विद्युत र पानीको नियमित आपुर्ति सम्बन्धी कार्यहरु ।

६) दुध परिक्षणको लागि प्रयोगशाला सम्बन्धि उपकरण ।

७) वारबन्देज, कम्पाउण्ड वाल निर्माण ।

८) शौचालय निर्माण सुधार।

९) अभिलेखिकरण र सूचना व्यवस्थापनका लागि कम्प्युटर, प्रिन्टर, टेलीफोन जडान ।

च) यस कार्यविधि बमोजिम निर्माण सुधार हुने दुध संकलन केन्द्रको स्वामित्व र संचालन गर्ने दायित्व संबन्धित साझेदारको हुनेछ ।

छ) आर्थिक सहयोगमा निर्माण सुधार गरिएको दुध संकलन केन्द्रको भौतिक संरचनामा परिवर्तन वा सुधार गर्नुपर्ने भएमा संबन्धित कार्यालयको पुर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

परिच्छेद -७

## १५. साना तथा मझौला डेरी उद्योग प्रवर्द्धन कार्यक्रम

दुध उत्पादक सहकारी संस्था व्यवसायिक संघ संगठन डेरी उद्यमी फर्म कम्पनी आदिसंगको लागत साझेदारीमा दुध तथा दुग्धजन्य पदार्थको उत्पादन प्रशोधन र बजारीकरणलाइ स्वच्छ स्वस्थ एवं गुणस्तरीय बनाउने लक्षका साथ साना तथा मझौला डेरी उद्योग प्रवर्द्धन कार्यक्रम संचालन हुनेछ ।

## १६. साना तथा मझौला डेरी उद्योग प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया

क) सम्बन्धित कार्यालयले दुध संकलन केन्द्र निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५,६,७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्बन गर्नेछ ।

ख) दुध तथा दुग्धजन्य उत्पादनमा आधारित साना तथा मझौला डेरी उद्योग संचालनमा संलग्न सहकारी संस्था कृषक समूह/समिति, व्यवसायिक संघ/संगठन, फर्म, कम्पनी र नीजि उद्यमीहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने दुग्धजन्य उद्योगको पूर्वाधार विकास र उत्पादन विविधिकरणलाइ प्राथमिकता दिइनेछ ।

ग) यस कार्यविधि बमोजिम आर्थिक सहयोग उपलव्ध गराई प्रवर्द्धन गरिएका साना डेरी उद्योगहरुमा आधारभुत (code of Practice/Good Hygienic Practice/Good Manufacturing Practice/ Hazard Analysis and Critical Control Point ) जस्ता स्वच्छता सम्बन्धि अवधारणाहरु अवलम्वन गरेको हुनु पर्नेछ ।

घ) साना तथा मझौला डेरी उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने आर्थिक सहयोग रकम देहायका लागि खर्च गर्न सकिनेछ ।

१) उद्योगका लागि आवश्यक भौतिक संरचना निर्माण सुधार

२) भूईं तथा भित्तामा टायल लगाउने, सम्याउने, कुनाकानी मिलाउने तथा उचित प्रकारको सिलिंग निर्माणका कार्यहरु

३) उद्योगका लागि आवश्यक मेशिन र उपकरणहरु जस्तै पाश्चुराइजेसन मेशिन, चिलिङ्ग भ्याट, ढुवानी साधन, जेनेरेटर, मिल्क एनालाईजर, डिजीटल व्यालेन्स, मिल्क क्यान, मिल्क प्याकेजिङ्ग मेशिन, डिप फ्रीज, चिज मेकर, मिल्कपम्प, सोलार ड्रायर, सेन्ट्रिफ्युज, क्रिमसेप्रेटर, होज पाइप तथा दुग्धजन्य पदार्थ विविधिकरणको लागि आवश्यक अन्य मेशिन तथा उपकरण खरिद तथा जडान ।

४) जैविक सुरक्षाका विधि अवलम्वन गर्ने कार्यहरु ।

५) ढल निकास, वाटर, सेनिटाईजर, वेष्ट डिस्पोजल तथा फोहर व्यवस्थापनाका लागि आवश्यक अन्य निर्माण कार्यहरु

६) विद्युत र पानी नियमित आपुर्तिका लागि ओभरहेड टयांकी, पाईप फिटिङ्ग जस्ता कार्यहरु

७) उत्पादन भण्डारण गर्ने स्टोर हाउसको व्यवस्था

८) व्यक्तिगत सुरक्षाको लागि आवश्यक एप्रोन, मास्क, बुट, टोपी लगायतका सामाग्रीहरु

९) मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणहरुको व्यवस्था

१०) एनालाइजर वा गुणस्तर जाँचका लागि आवश्यक अन्य उपकरण जडान सम्बन्धी कार्यहरु

११) दुध चिस्यान, भण्डारण, प्याकेजिंग गर्नको लागि आवश्यक मेशिन तथा उपकरणको स्थापना

ङ) साना तथा मझौला डेरी उद्योग प्रवर्द्धन कार्यक्रममा सहभागी हुनका लागी सम्बन्धित साझेदारले यस कार्यविधि बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछ ।

१) दुग्ध व्यवसायमा संलग्न भइ दैनिक ७०० देखी १००० लि क्षमता भन्दा बढी प्रशोधित दुध वा दुग्धपदार्थ विक्रि वितरण गर्ने गरेको हुनु पर्ने र उच्च हिमाली जिल्लाहरुको हकमा कम्तिमा ३०० लिटर दुग्ध वा दुग्धपदार्थ बिक्रिवितरण गर्ने गरेको हुनुपर्ने ।

२) उद्योग संचालन गर्ने स्थलको जग्गाको स्वामित्व भएको वा लिजमा लिएको जग्गा भए कम्तीमा १५ वर्षको करार सम्झौता र आवश्यक निर्माण गर्न पाउने अनुमति प्राप्त गरेको ।

३) सम्बन्धित सरकारी निकायबाट उद्योग संचालनको अनुमती प्राप्त गरेको

४) दुध तथा दुग्धजन्य पदार्थ विक्रिका लागी बजारको सुलभता भएको

५) स्वच्छ परिचालनका विधि तथा आचरणहरु (Good Hygienic Practice) पालन गर्न मन्जुर भएको ।

६) कुनैपनि बैंक तथा वित्तिय संस्थाको खराव ऋणी नभएको ।

## परिच्छेद -८

### १७. व्यवसायिक गाईभैंसी फार्म प्रवर्द्धन कार्यक्रम

बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा दुध तथा दुग्धजन्य पदार्थको माग बढ्दै गईरहेको छ । यस अवस्थामा व्यवसायिक रुपमा उन्नत गाईभैंसीपालन गर्न चाहने व्यवसायीहरुको संख्यामा वृद्धि ल्याउनु अति आवश्यक छ । यसै परिप्रेक्ष्यमा दुध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपुर्ति गर्न, युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षित गरि दुध उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न र उन्नत गाईभैंसीपालनको व्यवसायीकरणबाट आय आर्जन बढाउन यो कार्यक्रम संचालन गरिनेछ ।

### १८. व्यवसायिक गाईभैंसी फार्म प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया

क) सम्बन्धित कार्यालयले व्यवसायिक गाईभैंसी फार्म प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५,६,७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्वन गर्नेछ ।

ख) आर्थिक सहयोगका लागि पशु विमा अनिवार्य लागु भएको हुनु पर्ने छ ।

ग) यस कार्यक्रमको प्रयोजनका लागि व्यवसायिक गाईभैंसी फार्मको वर्गिकरण निम्न बमोजिम हुनेछ ।

१) साना व्यवसायिक गाइभैंसी फार्मः यस कार्यक्रमको लागि ५ देखी २५ उन्नत दुधालु गाइभैंसी पालन गरी दुध उत्पादन वेचविखन गर्ने गरेको फार्महरुलाइ मानिनेछ ।

२) मझौला व्यवसायिक गाइभैंसी फार्मः यस कार्यक्रमको लागि २६ देखी ५० उन्नत दुधालु गाईभैंसीपालन गरी दुध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्महरुलाइ मानिनेछ ।

३) ठूला व्यवसायिक फार्मः ५० भन्दा माथि उन्नत दुधालु गाईभैंसी पालन गरी दुध उत्पादन र वेचविखन गर्ने गरेको फार्महरुलाइ मानिनेछ ।

४) घाँसमा आधारित पशुपालनका लागि व्यवसासायिक गाईभैंसी फार्म संचालन गरेका व्यवसायीले आफुले पालेका पशुलाई पुग्ने गरि अनिवार्य घाँसखेती गरेको हुनु पर्नेछ ।

घ) कार्यक्रम संचालनका लागि उपलब्ध गराईने सहयोग निम्न बमोजिम हुनेछ ।

१) साना व्यवसायिक फार्मलाई फार्म विस्तारका लागि उन्नत गाईभैंसी खरिद र पशु विमा वापत उन्नत गाईका लागि बढीमा रु ४०,०००।(चालिस हजार) का दरले बढीमा रु २,००,०००। सम्म र प्रति भैंसी रु ५०,०००।पचास हजार) का दरले बढीमा रु २,००,०००।सम्म आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

२) मझौलस्तरका व्यवसायिक गाईभैंसी फार्मको सुद्रिढिकरणका लागि तपसिलमा उल्लेखित क्रियाकलापहरु संचालन गर्न प्रति फार्म बढीमा रु ५,००,०००।(पाँच लाख सम्म) आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

क) गोठ निर्माण सुधार तथा फार्म सुरक्षा (वार बन्देज) जैविक सुरक्षा आदि ।

ख) पशु प्रजनन्, आहारा, पशु स्वास्थ्य तथा अन्य व्यवस्थापकीय कार्य ( कृत्रिम गर्भाधान उपकरण, घाँसको वीउ /विरुवा, ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील व्यारो आदि ।

ग) आर्थिक सहयोग दिइने आधारहरु

| क.सं | दुधालु गाईको संख्या | दुधालु भैंसीको संख्या | अधिकतम रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११ देखी १५ | ५ देखी ६ | ३,५०,०००। | |
| २ | १६ देखी २० | ७ देखी ८ | ४,००,०००। | |
| ३ | २१ देखी २५ | ९ देखी १० | ४,५०,०००। | |
| ४ | २६ देखी ३० | ११ देखी १२ | ५,००,०००। | |

३) ठूला व्यवसायिक गाईभैंसी पालन फार्महरुलाई निम्न क्रियाकलाप संचालनका लागि प्रति फार्म बढिमा फार्म रु १०,००,०००। (दश लाख) सम्म आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

क) गोठ निर्माण सुधार तथा फार्म सुरक्षा (वार बन्देज) जैविक सुरक्षा आदि ।

ख) पशु प्रजनन्, पशु आहारा, पशु स्वास्थ्य तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग पुग्ने मेशिनरी औजार ( कृत्रिम गर्भाधान उपकरण, घाँसको वीउ /विरुवा, ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील व्यारो) खरिद आदि ।

ग) फार्म यान्त्रिकरणसंग सम्बन्धित कृयाकलापका लागि आवश्यक मेशिनरी औजारहरु (मिल्किंग मेशिन, मिल्किंग पार्लर, फोडर फोरेज ब्लक मेशिन, युएमएमबि मेशिन, विद्युतिय फिडर, वाटरर, मिल्क क्यान, साईलोपिट, डिपवेल, डिप वोरिंग, पाश्चुराइजर, मिल्क एनालाईजर, फ्रिजर, चिलिंग भ्याट) आदि खरिद तथा जडान।

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मन्त्री

घ) आर्थिक सहयोग दिइने आधारहरु

| क.सं | दुधालु गाईको संख्या | दुधालु भैंसीको संख्या | अधिकतम रकम |
|---|---|---|---|
| १ | ३१ देखी ५० | १३ देखी २० | ६,२५,०००। |
| २ | ५१ देखी ७५ | २१ देखी ३० | ७,००,०००। |
| ३ | ७६ देखी १०० | ३१ देखी ४० | ८,००,०००। |
| ४ | १०० | ४० | १०००००। |

परिच्छेद -९

१९. व्यवसायिक डेरी पकेट प्रवर्द्धन कार्यक्रम

गाईभैंसी पालनमा ठूलो क्षेत्रफल ओगट्ने गरी फैलिएको, दुधउत्पादन, उत्पादकत्वमा वृद्धि, प्रशोधन, बजार विकास एवं विस्तारका अवशरहरु प्रचुर मात्रमा रहेको र कृषक परिवारले व्यवसायिक तरिकाबाट गाईभैंसी पाल्दै आएका क्षेत्रलाई व्यवसायिक डेरी पकेटको रुपमा अघि बढाई प्रदेशलाई दुधमा आत्मनिर्भर बनाउन यो कार्यक्रम संचालन गरिनेछ ।

२०. व्यवसायिक डेरी पकेट प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया

क) सम्बन्धित कार्यालयले व्यवसायिक डेरी पकेट प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५,६,७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्वन गर्नेछ ।

ख) व्यवसायिक डेरी पकेटको मापदण्ड

१. कम्तीमा ५० वटा उन्नत दुधालु गाईभैंसी भएको ।

२. कम्तिमा दैनिक ५०० लि दुध आन्तरिक निर्यात भएको हुनु पर्ने।

